annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १०० पृष्ठ ८ | काठमाडौं, शुक्रबार २५ साउन २०८१ | श्रावण शुक्लपक्ष पञ्चमी, नेपाल संवत् ११४४ | FRIDAY, AUGUST 9, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग


# ६ वर्षमा छैन उपलब्धि

तीन तहका सरकारबीच गरिएको राज्यशक्तिको बाँडफाँटलाई वास्तविक अर्थमा कार्यान्वयन गर्न नेपालको संविधानमा प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था गरिएको हो । देशमा उपलब्ध प्राकृतिक एवं वित्तीय स्रोतहरूको न्यायोचित वितरण सुनिश्चित गर्नु यसको मुख्य उद्देश्य हो । आयोगमा पहिलो नियुक्तिको ६ वर्ष बित्न लाग्यो । तर, समितिका पदाधिकारीहरूले खासै उपलब्धि हुने काम गर्न सकेको देखिन्न । आयोगका ७२ जना कर्मचारी पनि हाजिर गरेरै दिन कटाइरहेका छन् । संविधानले ठूलो अभिलाषा र लक्ष्यसाथ आयोगको व्यवस्था गर्‍यो । तर, यथार्थमा यो थन्किने अड्डा बनेको छ ।

समाचार पृष्ठ २

तारा चापागाईं | *काठमाडौं*

– को रिपोर्ट




| रोयल्टीको शीर्षक | विभाज्य कोषमा जम्मा | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय सरकार |
|---|---|---|---|---|
| पर्वतारोहण | ५३३५३१.४४ | २६६७६५.७८ | १३३३८२.८९ | १३३३८२.८९ |
| विद्युत् | ३०५७२६२.६९ | १५२८६३०.३४ | ७६४३१५.६७ | ७६४३१५.६७ |
| वन | १३१०७८१.६७ | ६५५३९०.८३ | ३२७६९५.४२ | ३२७६९५.४२ |
| खानी तथा खनिज | ८२१२२० | ४१०६१० | २०५३०५ | २०५३०५ |
| जम्मा | ५७२२७९५.८ | २८६१३९६.९५ | १४३०६९८.९८ | १४३०६९८.९८ |

## सहकारी समस्या समाधानमा सरकारको भूमिका महत्वपूर्ण



**शर्मिला सापकोटा**

इजलास

साझा उद्देश्य प्राप्तिका लागि स्वेच्छिक रूपमा संगठित व्यक्तिहरूको संगठन नै सहकारी हो। मुलुकमा करिब ३२ हजारको हाराहारीमा बचत तथा ऋणलगायत विभिन्न उद्देश्यका सहकारी छन्। यीमध्ये १६ अर्बमाथिको कारोबार र १ लाख ७३ हजार बढी सदस्य संख्या रहेका सहकारीदेखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सहकारीसमेत छन्। अधिकांश सहकारीले नियमित रूपमा कारोबार सञ्चालन गरी सदस्य सेवा प्रदान गर्दै विभिन्न सदस्य केन्द्रित गतिविधिहरू सञ्चालन गर्दै आइरहेका छन्।

कोभिड-१९ को प्रभावपछि विश्व आर्थिक मन्दीतिर धकेलिएसँगै सहकारीमा चुनौतीहरू थपिँदै गए। सहकारी विशेष गरी राजधानी केन्द्रित तथा नीति, विधि र प्रविधिमा सञ्चालन हुन सकेनन्। राज्यले समयमा नै प्रभावकारी अनुगमन गर्न सकेन। सिंगो सहकारी अभियानलाई नै धराशायी बनाउने गरी समाचारका हेडलाइन बने। सहकारीका सञ्चालकबाट बचत कर्ताको पैसा हिनामिना भन्ने हेडलाइनमा समाचार आउनु दुःखद् हो।

यस्ता समाचारहरूले नीति, विधि र प्रविधिमा सञ्चालित सहकारीसमेत प्रभावित भए। सीमित वर्गका मानिसले सहकारी संस्थामा गरेको हालीमुहालीका कारण गाउँघरमा दुःख गरेर साग, चामल, तरकारी बेचेर जम्मा गर्नेको पैसाबो बचत र सुरक्षामा यति बेला प्रश्न उठ्न थालेको छ।

केही प्रतिष्ठित भनिएका व्यक्तिका नाम मिडियामा आउनाले अन्य ऋणी सदस्यहरूले पनि बैंकको ऋणलाई प्राथमिकतामा राख्ने र सहकारीको ऋणलाई मिनाहा हुन्छ भन्ने भ्रम छर्दै हिँड्नुले असल ऋणी र बचत कर्ताहरूको विश्वासमा संकट उत्पन्न हुन थालेको छ।

यस्ता समस्यालाई निराकरण गरी सदस्यको बचतको सुरक्षा गर्न सरकारले सहकारी ऐनमा भएको व्यवस्थालाई पूर्णरूपमा कार्यान्वयन गर्नु आजको प्रमुख आवश्यकता हो।

*(सहकारी अभियन्ता सापकोटा दोलखा जिल्ला बचत संघकी सचिव हुन्।)*

# हवाई सुरक्षामा लापरबाही, प्राधिकरणका महानिर्देशकलाई कारबाही गर्न माग

**सुनिता कार्की** | *काठमाडौं*



संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिले हवाई सुरक्षामा लापरबाही गर्नेहरूलाई कारबाही गर्न सरकार तथा नियामक निकायलाई निर्देशन दिएको छ। बिहीबार बसेको समितिको बैठकले पर्यटन मन्त्रालय, नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक लगायतलाई छलफलका लागि बोलाएको थियो। उक्त छलफलमा हवाई सुरक्षा कार्यान्वयनको अवस्था १५ दिनभित्र बुझाउन प्राधिकरणलाई निर्देशन दिएको छ।

पछिल्लो समयमा निरन्तर भइरहेका हवाई दुर्घटनाका सम्बन्धमा दुर्घटना पिच्छे नै छानबिन समितिहरू बन्ने र सुझाव दिने भए पनि समग्र हवाई सुरक्षाको अवस्थामा सुधार आउनुको सट्टा झन् कमजोर बन्दै गइरहेको समितिको निश्कर्ष छ। नेपालको हवाई सुरक्षा, सुरक्षा मापदण्डको अवस्था तथा नेपालको विद्यमान नागरिक उड्डयनसम्बन्धी कानुन एवं अन्तर्राष्ट्रिय अभ्यास अनुरूप कार्यान्वयन भए नभएको सम्बन्धमा १५ दिनभित्र छानबिन गर्न निर्देशन दिएको हो। छानबिन गर्दा आवश्यक नीतिगत सुधार गर्न र कोही दोषी देखिएमा कारबाहीको सिफारिस गर्न विज्ञहरूको संलग्नतामा एक स्वतन्त्र छानबिन समिति गठन गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निर्देशन दिएको छ। यस्तै, छलफलमा समितिले हवाई सुरक्षासम्बन्धी नियमहरू कार्यान्वयन गराउन पर्यटन मन्त्रालयलाई निर्देशन दिएको छ। नेपालको हवाई उडान सुरक्षासम्बन्धी छुट्टै नीति बनाउन आवश्यक भएको भन्दै नीति बनाउन सरकारलाई निर्देशन दिएको छ। यस्तै, प्राधिकरणसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक र नेपाल हवाई सेवा प्राधिकरणको स्थापना र व्यवस्था गर्न बनेको विधेयक यथाशीघ्र संघीय संसद्मा पेस गर्न/गराउन पनि सरकारलाई निर्देशन दिएको छ। साथै समितिले यसअघि हवाई दुर्घटना, सुरक्षा र नियमनसँग सम्बन्धित नेपाल सरकार र मन्त्रालयद्वारा गठित छानबिन समिति एवं कार्यदलमार्फत पेस भएका अध्ययन अनुसन्धानमूलक प्रतिवेदनहरू उपलब्ध गराउन पनि सरकारलाई निर्देशन दिएको छ।

### सांसदहरूले मागे प्राधिकरणका पदाधिकारीको पदमुक्त गराउने माग

सांसदहरूले नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)का पदाधिकारीहरूलाई पदमुक्त गर्नुपर्ने माग उठेको छ। बिहीबार बसेको समितिको बैठकमा सांसदहरूले प्राधिकरणका पदाधिकारीहरूलाई पदमुक्त गरेर मात्रै छानबिन अगाडि बढाउनुपर्ने माग गरेका हुन्। नेपाली कांग्रेसका सांसद विमिलेन्द्र निधिले प्राधिकरणका अहिले भएका पदाधिकारीहरू कायमै रहेको अवस्थामा गरिएको छानबिनको औचित्य नहुने बताए। त्यस्ता छानबिन अब जनताले विश्वास नगर्ने उनको भनाइ छ।

» बाँकी पृष्ठ ६

## प्रधानसेनापति शर्मा बिदामा, कार्यभार सिग्देललाई

**काठमाडौं** (अन्नपूर्ण) : प्रधानसेनापति प्रभुराम शर्मा बिदामा बसेका छन्। सैनिक सेवामा ४१ वर्ष सेवा गरेका शर्मा भदौ २४ गतेबाट अवकाशमा जाने भएपछि नियमानुसार बिदामा बसेका हुन्। अवकाश हुनु एक महिनाअघि बिदामा बस्ने प्रचलन रहँदै आएको छ।

उनी नेपाली सेनामा सहायक सेनानी दर्जामा प्रवेश गरेका थिए। प्रधानसेनापति शर्माले बिदा बसेसँगै रथी अशोकराज सिग्देललाई आफ्नो कार्यभार हस्तान्तरण गरेका छन्। सैनिक मुख्यालय जंगी अड्डामा बिहीबार आयोजित विशेष समारोहमा प्रधानसेनापति शर्माले शुक्रबारदेखि सम्हाल्ने गरी रथी सिग्देललाई कायम मुकायमको जिम्मेवारी सुम्पेका छन्।

गत साउन १४ मा मन्त्रिपरिषद्ले रथी सिग्देललाई कामु प्रधानसेनापतिको जिम्मेवारी दिने निर्णय गरेको थियो। मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रबार नै लागू हुने गरी रथी सिग्देललाई कायममुकायम प्रधान सेनापतिको जिम्मेवारी दिने छन्।

# चुनावी गठबन्धन गर्नै नहुने अडानमा कांग्रेस महामन्त्रीद्वय

**राधा खनाल** | *काठमाडौं*

कांग्रेस महामन्त्री गगन थापाले अबका कुनै पनि चुनावमा पार्टीले अरू दलसँग गठबन्धन गर्न नहुने संकल्प गर्नुपर्ने प्रस्ताव केन्द्रीय समितिमा बैठकमा पेस गरेका छन्। महासमिति बैठकमा आएको सुझावसहित परिमार्जित गरी केन्द्रीय समिति बैठकमा पेस गरिएको सांगठानिक प्रस्तावमा उनी चुनावी गठबन्धनको विपक्षमा उभिएका हुन्।

उनको प्रस्तावमा अर्का महामन्त्री विश्वप्रकाश शर्माले ल्याएको राजनीतिक प्रतिवेदन पनि संशोधन भएको छ। महासमितिमा पेस गर्दा शर्मा गठबन्धन गर्ने र नगर्ने भन्ने विषयमा खुलेका थिएनन्।

शर्माले संशोधित प्रतिवेदन पेस गरेका हुन्। जसमा चुनावी गठबन्धन अनुपयुक्त भएको उल्लेख गरेका छन्। चुनावी गठबन्धनबारे उपयुक्त समयमा निर्णय लिनुपर्ने शर्माको तर्क छ। महासमिति बैठकमा पेस भएको उनको प्रतिवेदनमा भनिएको थियो, 'निर्वाचन आउनुभन्दा ४ वर्षअघि नै निर्वाचनबारे छलफल गर्नु यद्यपि आवश्यक विषय होइन।'

'गठबन्धनमा जोखिमको अवस्था आउन नदिन ठूलो दल भएका नाताले विशेष सतर्कता र सजग जिम्मेवारी हामीले प्रस्तुत गर्न जरुरी छ। एकल बहुमत कसैको नभएको संसद्मा गठबन्धनलाई कायम राखेर नै देश र जनताको हितमा काम गर्नुपर्ने अभिभारा हाम्रो छ,' शर्माले भनेका थिए।

अहिले भने शर्माले सत्ता समीकरण अनुकूल प्रतिवेदन पेस गरेका छन्। चुनावपछि सरकार निर्माणका लागि गठबन्धन स्वाभाविक हुने तर चुनावका बेला गठबन्धन गरेर मत माग्नु अनुपयुक्त हुने शर्माको प्रतिवेदनमा छ।

महामन्त्री शर्माले कांग्रेसका परम्परागत मतदाताले अन्य चिह्नमा मत दिन पार्टीले गरेको आग्रहलाई अस्वीकार गरेको भनेका छन्। शर्माले चुनावी तालमेलका लागि बनेका गठबन्धन निर्वाचनपछि कायम राख्न नसकिएको पनि खुलाएका छन्। अर्को विषय भने महामन्त्री शर्माले आफ्नो प्रतिवेदनमा रहेको कोशी प्रकरणलाई पनि हटाएका छन्। पार्टीका उपसभापति पूर्णबहादुर खड्का भने गठबन्धन गर्ने या नगर्ने विषयमा उक्त विषयमा अझै पनि मौन छन्।

केन्द्रीय समितिको सुझाव समेटेर तयार पारिएको महामन्त्री थापाको प्रतिवेदनमा भनिएको छ, 'निर्वाचनमा कुनै पनि दलले बहुमत प्राप्त नगरेको अवस्थामा निर्वाचन पछाडि निश्चित साझा नीति तथा कार्यक्रममा बनाएर सरकार सञ्चालनका लागि अन्य दलसँग तालमेल गर्ने कुरा स्वाभाविक हुनसक्छ भन्ने कुरा कांग्रेस ठान्छ। अत: कांग्रेसले तत्कालिक परिस्थिति र आवश्यकताअनुसार संविधानबमोजिम सरकार बनाउनका लागि अन्य दलहरूसँग तालमेल र सहमति गर्नेछ, त्यसका लागि पहलकदमी लिनेछ।



> आवधिक निर्वाचनहरू आफ्नै ताकतमा एक्लै लड्ने छौं र हाम्रा मतदातालाई कांग्रेसको चुनाव चिह्न 'रूख' मा नै मत हाल्न पाउने अवस्था सुनिश्चित गर्ने छौं ।
>
> **गगन थापा**
> महामन्त्री



> कांग्रेसका परम्परागत मतदाताले अन्य चिह्नमा मत दिन पार्टीले गरेको आग्रहलाई अस्वीकार गरे । चुनावी तालमेलका लागि बनेका गठबन्धन निर्वाचनपछि कायम रहेनन् ।
>
> **विश्वप्रकाश शर्मा**
> महामन्त्री

अगाडि भनिएको छ, 'निर्वाचनपूर्वको गठबन्धन लोकतन्त्रमा नियमित राजनीतिक अवस्था नभएर एउटा बाध्यात्मक परिस्थितिको उपज थियो भन्ने कुरालाई मनन गर्दै कांग्रेस यस महासमिति बैठकबाट पार्टीका सदस्यहरू, शुभेच्छुक तथा समर्थक र आम नागरिकलाई पूर्णविश्वास दिलाउँदै, दृढ संकल्प गर्छ हामी भविष्यमा हुने आवाधिक निर्वाचनहरू आफ्नै ताकतमा एक्लै लड्ने छौं र हाम्रो मतदातालाई नेपाली कांग्रेसको चुनाव चिन्ह 'रूख' मा नै मत हाल्न पाउने अवस्था सुनिश्चित गर्ने छौं।' एउटा विशिष्ट राजनीतिक परिस्थितिमा कांग्रेसले निर्वाचन अगाडि गठबन्धन गरेको भन्दै थापाले आफ्नै संगठनलाई थप ऊर्जाशील बनाउँदै आम जनताको मत र विश्वास बढाएर कांग्रेसले एक्लै बहुमत ल्याउन सक्ने पार्टीका रूपमा पुनर्स्थापित गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ। तर, सभापति शेरबहादुर देउवासहित संस्थापन पक्षका नेताहरू चुनावी गठबन्धन रणनीति हुने भएकाले अहिले निर्णय गरेर जान नहुने पक्षमा छन्। यसअघि महासमितिको बैठकमा पनि यही मत राखेका थिए।

प्रतिवेदनमा भनिएको छ, 'आदर्शका लागि जीवनपर्यन्त कठोर संघर्ष गरेका, प्राण आहुती दिएका अथक योद्धाहरूले जन्माएको पार्टी नेपाली कांग्रेसले कुनै पनि निर्णय गर्दा तिनै अग्रजहरूको बलिदानलाई स्मरण गर्दै तत्काल कुनै अप्ठ्यारा र चुनौती आए पनि वा पार्टीले क्षति नै बेहोर्नुपरे पनि लोकतान्त्रिक मूल्य मान्यता, राष्ट्रियता, राष्ट्रिय स्वाभिमान र विधिको शासनलगायतका आधारभूत मान्यतामा कहिल्यै सम्झौता गर्ने छैनौं।'

उपसभापति खड्काको प्रतिवेदनमा राखिएको हिंसात्मक युद्ध शब्द यथावत् उपसभापति पूर्णबहादुर खड्काले पेस गरेको नीति प्रस्तावमा माओवादीको सशस्त्र युद्धलाई 'हिंसात्मक युद्ध' को संज्ञा दिइएको छ। महासमिति बैठकमा आएको सुझावलाई समेटेर केन्द्रीय समितिको बैठकमा पेस गरेको प्रतिवेदनमा २०४६ सालको परिवर्तनपछि २०४८ सालको सुधारले फड्को मार्न लागेको नेपाली अर्थतन्त्रलाई माओवादीको हिंसात्मक सशस्त्र द्वन्द्वले असर गरेको उल्लेख छ।

महासमिति बैठकका बेला कांग्रेस माओवादीसँग सत्ता सहकार्यमै थियो। त्यो बेलामा फागुनमा भएको महासमितिको बैठकमा जनयुद्धलाई हिंसात्मक द्वन्द्व भनेकामा प्रति माओवादीले चर्को आपत्ति जनाएको थियो।

» बाँकी पृष्ठ ६